# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या: २४/ ०८०/ ०८१

मिति: २०८१/ ०३/ ०८

ने.सं. ११४४ तछलाथ्व,पूर्णिमा

अध्यक्षता: नगर प्रमुख श्री बलदेवसिंह गोम्देन

### उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उपप्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरिया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव,प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

आज मिति २०८१ साल आषाढ ८ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिको बैठकबाट देहाय बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. नगर सभामा पेश गरिने प्रस्तावहरुका सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको नगर सभाको पन्ध्रौं अधिवेशन मिति २०८१ साल आषाढ १० गतेका लागि आह्वान भएकोमा उक्त अधिवेशनको पहिलो बैठकमा पेश गर्नका लागि देहाय बमोजिमका प्रस्तावहरु स्वीकृत गरियो ।

**क.** अर्जुनधारा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि वार्षिक बजेट, नीति तथा कार्यक्रम

**ख.** अर्जुनधारा नगरपालिकाको आर्थिक विधेयक, २०८१

**ग.** अर्जुनधारा नगरपालिकाको विनियोजन विधेयक, २०८१

**२. स्थानीय पाठ्यक्रम विकास समिति गठन सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको आधारभुत तहमा स्थानीय पाठ्यक्रम निर्माणका लागि तोकिएको परामर्शदातालाई आवश्यक निर्देशन,सल्लाह तथा परामर्श सहित पाठ्यपुस्तक लेखन तथा सम्पादन सम्मको कार्य गर्ने गरी स्थानीय पाठ्यक्रम निर्देशिका, २०७६ मा व्यवस्था भए बमोजिम तपशिल अनुसारको स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| श्री बद्रीप्रसाद ओली, अर्जुनधारा-८ | संयोजक |
| श्री सूर्यप्रसाद सापकोटा, अर्जुनधारा-११ | सदस्य |
| श्री तेजश्वी पौडेल, अर्जुनधारा-७ | सदस्य |
| श्री चन्द्र खत्री , अर्जुनधारा-१ | सदस्य |
| श्री राजेश आचार्य, अर्जुनधारा-६ | सदस्य |
| श्री गान्धारी मिश्र अर्जुनधारा-१० | सदस्य |
| श्री चुडामणी निरौला, प्रशासन शाखा, अर्जुनधारा नगरपालिका | सदस्य सचिव |

**३. विविधः**

१. मिति २०८१/०२/२९ गतेको नगर कार्यपालिकाको बैठकबाट वडा नं ३ स्थित सुखानी खोला पुल उत्तर स्पर निर्माणका लागि रु १ लाख ५० हजार विनियोजन भएकोमा उक्त स्थान अत्यन्तै जोखिम संवेदनशिल भई उक्त रकम अपुग हुने भएकाले विपद् व्यवस्थापन कोषबाट थप रु १ लाख ५० हजार विनियोजन गर्ने ।

२. अर्जुनधारा नगरपालिकामा सञ्चालन भएको नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गर्दा अपुग भएको खर्च रु ८६ हजार कार्यालयको उपयुक्त खर्च शीर्षकबाट भुक्तानी गर्ने ।

३. ओमकार किर्तन मण्डली, वडा नं १० लाई वाद्यवाधन खरिदका लागि प्रस्तावनामा आधारित कार्यक्रम शीर्षकबाट रु १ लाख ५० हजार उपलब्ध गराउने ।

४. अर्जुनधारा-२ रातेबाट मझौं जाने बाटो जीर्ण भई तत्काल मर्मत गर्नुपर्ने भएकाले उक्त कार्यका लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु १ लाख ५० हजार उपलब्ध गराउने ।
५. अर्जुनधारा-२ लाप्चेटार-साठिमुरे सडक तत्काल मर्मत गर्नुपर्ने भएकाले उक्त कार्यका लागि नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु १ लाख ५० हजार उपलब्ध गराउने ।
६. अर्जुनधारा नगरपालिका वडा नं १० स्थित जुपिटर स्कुलबाटोमा स्तरोन्नतिका लागि रु ४ लाख ५० हजार र जलकन्या कल्भर्ट दक्षिण सन्त मोक्तानको घरसम्म तटबन्धनका लागि रु ५ लाख विनियोजन गर्ने ।